रेडक्रस
नेरेसो
समाचारप्रधान मासिक पत्रिका
वर्ष ५५, अंक ५ २०८० पुस Dec. 2023-Jan 2024

# ४१औं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस गोष्ठी पोखरा घोषणापत्र जारी गर्दै सम्पन्न






पोखरा, पुस । नेपाल रेडक्रस सोसाइटीको ४१औं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस गोष्ठी १३ बुँदे प्रतिवद्धता र सुझावसहितको पोखरा घोषणापत्र जारी गर्दै पुसको ७ र ८ गते कास्कीको पोखरामा सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाको आयोजना एवं युवा रेडक्रस सर्कल श्री शिवशक्ति माध्यमिक विद्यालयको आतिथ्यतामा सञ्चालित दुई दिने सो राष्ट्रिय जुनियर तथा युवा गोष्ठी महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय सुरेन्द्रराज आचार्यको प्रमुख आतिथ्यतामा प्रारम्भ भएको थियो ।

“विश्वव्यापी रूपमा अभिप्रेरित, स्थानीयरूपमा सशक्तिकृत : जलवायुसम्बन्धी गतिविधिमा जुनियर तथा युवा” भन्ने मूल नाराका साथ प्रारम्भ भएको सो गोष्ठीमा नेपाल रेडक्रस सोसाइटीका ६७ जिल्ला शाखाका ३५० जना सहभागीहरू, केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरू, केन्द्रीय जुनियर तथा युवा रेडक्रस समितिका पदाधिकारी र सदस्यहरू, साझेदार संस्था र स्थानीय निकायहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय गोष्ठी शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा कार्यक्रमका प्रमुख अतिथि एवं माननीय मन्त्री सुरेन्द्रराज आचार्यले नेपाल रेडक्रस सोसाइटीका ११ लाखभन्दा धेरै स्वयंसेवकहरूले वर्षेनी ३० लाखभन्दा धेरै मानिसहरूलाई सेवा पुऱ्याएकोमा समग्र नेपाल रेडक्रस परिवारलाई धन्यवाद व्यक्त गर्नुभयो । सम्बोधनका क्रममा उहाँले भन्नुभयो, “नेपाल रेडक्रसका युवाहरू सिङ्गो देशको मूल आधार हुन् । यस गोष्ठीले मानवीय क्षेत्रमा अपार योगदान पुगेको छ र युवाहरूमा क्षमता, प्राविधिक दक्षता र प्रभावकारी सेवा प्रदान गर्ने भावनाको विकास गरेको छ ।”

यसैगरी माननीय मन्त्री आचार्यले, “नेपाल रेडक्रस सोसाइटी राष्ट्रिय सञ्जाल भएको जेनेभा महासन्धिद्वारा निर्देशित मानवीय संस्था हो । नेपालमा रेडक्रस कानूनद्वारा नेपाल रेडक्रस सोसाइटी सञ्चालन गर्नुपर्ने आवश्यकता नेपाल सरकारले महसुस गरेको छ । रेडक्रस कानुन निर्माणका लागि आवश्यक प्रक्रिया पनि थालनी भइसकेको छ” भन्नुभयो । उहाँले सम्बोधनका क्रममा असल कार्य गर्नु नै मानवीय धर्म भएको बताउँदै “म सेवा गर्छु” भन्ने मूल मर्मलाई आत्मसात गर्न सबैमा अनुरोध गर्नुभयो ।

यसैगरी राष्ट्रिय जुनियर तथा युवा गोष्ठीलाई सम्बोधन गर्ने क्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले युवाहरूको यो गोष्ठी शान्ति र मानवताको पर्याय भएको र नेपालका हरेक क्षेत्रबाट मानवताको बिजारोपण गर्ने महाअभियान रहेको बताउनुभयो । प्राध्यापक नेपालले उपस्थित सहभागीहरू सबैको समय, प्रेरणा, हौसला र मार्गदर्शनका प्रति आभार व्यक्त गर्दै यो गोष्ठी युवाहरूबाट सिक्ने अवसर रहेको पनि बताउनुभयो ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघको नेपालस्थित कार्यालयका प्रमुख अजमत उल्लाले रेडक्रस अभियानको प्रारम्भ नै स्वयंसेवाबाट भएको स्मरण गर्दै मानवीय सेवामा स्वयंसेवाको ठूलो आवश्यकता रहेको बताउनुभयो । युवा तथा जुनियर नै समग्र अभियानको भविष्य भएकाले सबै युवाहरूको भूमिका सरकारका लागि सहयोगी रहेको बताउँदै नेपाल रेडक्रसको कानून निमार्णमा सरकारले लिएको प्रयत्नको उच्च प्रशंसा समेत गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटीका उपाध्यक्ष राधा

(बाँकी पृष्ठ २ मा)

राष्ट्रिय गोष्ठीले एक करोड रूपैंया बराबरको जुनियर/युवा राष्ट्रिय कार्यक्रम कोष खडा गर्ने अभियानका लागि यसअघि सङ्कलन हुँदै आइएको रकममा परिवर्तन गरी प्रति सदस्य रू. १०।- र प्रति सर्कल रू. १०००।- सङ्कलन गर्ने प्रस्ताव पारित गरेको छ । कोष वृद्धिका लागि देउसी भैलोलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने, जुनियर तथा युवा सर्कलका कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारसँग बजेट विनियोजन गर्न अनुरोध तथा पैरवी गर्ने, युवाहरूलाई प्राथमिकतामा राखी उनीहरूको ज्ञान, सीप र अवधारणा विकास गर्न जीवन उपयोगी सीपहरूमा जोड दिने पनि गोष्ठीमा प्रतिवद्धता जनाइएको छ । साथै जलवायु परिवर्तन, साइवर शिक्षा, सडक सुरक्षा, वातावरण संरक्षणजस्ता वर्तमानका जल्दाबल्दा समसामयिक सबालहरूमा अभिमुखीकरणलाई निरन्तरता दिने प्रतिवद्धता पत्रमा उल्लेख गरिएको छ ।

राष्ट्रिय गोष्ठीमा सर्कलहरूको सहभागिता वृद्धिका लागि सक्षम जिल्ला शाखाहरूले कम्तीमा पनि एक दुर्गम जिल्लाका सहभागीका लागि लाग्ने खर्च सहयोग गर्ने र सर्कलका गतिविधिहरू तय गर्दा आर्थिक वर्षलाई आधार बनाउनु पर्नेलगायतका सुझावहरू गोष्ठीले दिएको छ ।

(प्रतिवद्धता पत्रको पूर्णपाठ पृष्ठ ७ मा हेर्नुहोला)

# सम्पादकीय

## जुनियर युवा रेडक्रस र राष्ट्रिय गोष्ठीको महत्व

**"म सेवा गर्छु (I serve)"** भन्ने मूल मन्त्रका साथ जुनियर तथा युवा रेडक्रसको स्थापना वि.सं. २०२१ फागुन २२ गतेका दिन भएको हो। नेपाल रेडक्रसको अभिन्न अङ्गको रूपमा रहेको जुनियर तथा युवा रेडक्रसमा किशोरकिशोरी तथा युवाहरू स्वयंसेवकको रूपमा नेतृत्वदायी भूमिकामा र लाभान्वितकारूपमा आवद्ध हुँदै आएका छन्।

जुनियर तथा युवा रेडक्रसको ४१औं राष्ट्रिय गोष्ठी पोखरा घोषणापत्र-२०८० जारी गर्दै पुसको पहिलो हप्ता कास्कीको पोखरामा सम्पन्न भएको छ। जुनियर युवा रेडक्रसको राष्ट्रिय गोष्ठी जुनियर युवाहरूका लागि मात्र नभई समग्र संस्थाकै लागि अति महत्वपूर्ण पर्व र अवसर हो। जुनियर युवा रेडक्रसको पहिलो राष्ट्रिय गोष्ठी २०३४ सालमा काभ्रेप्लाञ्चोक जिल्लाको बनेपामा सम्पन्न भई ४१औं राष्ट्रिय गोष्ठीसम्म आइ पुग्दा यसको संगठनात्मक सञ्जाल, जुनियर सर्कल र सदस्यहरूको संख्याका साथै सेवा एवं गतिविधिमा आएको व्यापकता र विस्तारलाई हेर्दा जुनियर युवा रेडक्रस अभियानले ठूलो फड्को मारिसकेको देखिन्छ। संगठनात्मक बिस्तारका हिसाबले अहिले देशभरि ६ हजारभन्दा बढी जुनियर तथा युवा रेडक्रस सर्कल अन्तर्गत ९ लाख ७० हजारभन्दा बढी जुनियर तथा युवा सदस्यहरू आवद्ध भई मानवीय सेवामा संलग्न भइरहेका छन्।

सोसाइटीले सञ्चालन गर्ने हरेक जसो सेवामूलक, आकस्मिक र विकासमूलक गतिविधिहरूमा रेडक्रसका जुनियर युवाको अर्थपूर्ण सहभागिता र अन्यन्त उत्साहजक योगदान रहँदै आएको छ। आगलागी, बाढीपहिरो, खडेरी, भूकम्प, शीतलहर, लूजस्ता नियमित विपद्का समयमा होस् या सोसाइटीद्वारा नियमित रूपमा सञ्चालन हुँदै आएका रक्तसञ्चार, एम्बुलेन्स, प्राथमिक उपचार, आँखा उपचार, संगठन विकासका साथै विगतको दश वर्षे द्वन्द्व, सडक र अन्य दुर्घटनाका बेला जुनियर युवा स्वयंसेवकहरूले उद्धारक, प्राथमिक उपचारक, प्रचारक र सञ्चारकका रूपमा अतुलनीय सेवा पुऱ्याएका छन्। राष्ट्रिय गोष्ठी लगायत विभिन्न प्रशिक्षण, भेला र कार्यक्रमहरूबाट लाभान्तिकै रूपमा पनि जुनियर युवाहरूको आफ्नो क्षमता, निर्णय लिन सक्ने सीप विकासका साथै आफ्नो ज्ञान, सीप अवधारणामा परिवर्तन गरी सक्षम, स्वस्थ र प्रतिवद्ध युवा निर्माणमा सहयोग पुगेको छ।

नेपाल रेडक्रस सोसाइटीका देशव्यापी रूपमा छरिएर रहेका जुनियर युवा रेडक्रस सर्कलहरू र यसमा आवद्ध जुनियर युवा सदस्यहरूले वर्षभरि सञ्चालान गर्ने गतिविधिहरूको योजना र कार्यान्वयनमा राष्ट्रिय गोष्ठीहरूले अहम भूमिका खेल्दछ। यसर्थ जुनियर युवा रेडक्रसका सन्दर्भमा ४१औं राष्ट्रिय गोष्ठीका क्रममा जारी गरिएको प्रतिवद्धता पत्रले सम्बोधन गरेका विषय र गतिविधिहरू विगतका वर्षहरूमा झै समयमै प्रभावकारी रूपमा कार्यान्वयन गरी जुनियर युवा रेडक्रसका गतिविधिहरूलाई अझ सुदृढ र समय सापेक्ष बनाउँदै धेरैभन्दा धेरै सङ्टाभिमुख जनसमुदायलाई सेवा पुऱ्याउन संस्थाका सबै तह र तप्फाको उत्साहपूर्ण साथ सहयोग, समर्थन र सहजीकरण अझ बढी आवश्यक देखिन्छ।

प्रधान सम्पादक : भूपतिलाल श्रेष्ठ
कार्यकारी सम्पादक : बिपुल न्यौपाने
सहायक सम्पादक : नरेन्द्र श्रेष्ठ

(पृष्ठ १ को बाँकी)

## ४१औं राष्ट्रिय...

नेपालीले जुनियर तथा युवाहरू नै नेपाल रेडक्रस सोसाइटीका आधारस्तम्भ रहेको बताउनुभयो। युवाहरूमा गरेको लगानी दीर्घकालीन हुने धारणा व्यक्त गर्दै नेपाल रेडक्रस सोसाइटीले विभिन्न समयमा युवा सशक्तीकरणका गतिविधिहरू सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो।

सोसाइटीका महामन्त्री, भूपतिलाल श्रेष्ठले नेपाल रेडक्रस सोसाइटी, रेडक्रस अभियानका सिद्धान्तहरूको अधीनमा रही सदैव मानवीय सेवामा तल्लिन रहिआएको बताउनुभयो। सोसाइटीले जनसमुदायको "दुःखको साथी" का रूपमा कार्य गरिरहेको बताउँदै "म सेवा गर्छु" भन्ने भावनाले जुनियर तथा युवा सदैव सेवामा तल्लिन भइरहने बताउनुभयो।

यसैगरी कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले रेडक्रस मानवीय सेवाका क्षेत्रमा अग्रणी संस्था भएको बताउँदै समाजमा परोपकारको भावनालाई निरन्तरता दिन र मानवतालाई अक्ष्युण राख्न सदैव आवश्यक संस्था रेडक्रस हो भन्नुभयो।

नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका सभापति डण्डराज शर्मा पौडेलले गोष्ठीमा उपस्थित सम्पूर्ण महानुभवहरूलाई स्वागत गर्दै नेरेसो कास्की जिल्ला शाखालाई राष्ट्रिय गोष्ठी आयोजना गर्ने गहन जिम्मेवारी प्राप्त गर्न पाएकोमा समग्र जिल्ला शाखा परिवार हर्षित भएको बताउँदै सबैलाई धन्यवाद व्यक्त गर्नुभयो। कार्यक्रममा शाखाका उपसभापति उर्मिला खड्का भण्डारीले रेडक्रस अभियानका सात सिद्धान्त वाचन गराउनु भएको थियो।

४१औं राष्ट्रिय जुनियर तथा युवा गोष्ठी उद्घाटन सत्रको सभापतित्व नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य एवं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस समितिका संयोजक विष्णुराज नेपालले गर्नुभएको थियो। गोष्ठीको उद्घाटन सत्रको समापनमा मन्तव्य व्यक्त गर्दै संयोजक नेपालले राष्ट्रिय स्तरमा जुनियर तथा युवाहरूले पुऱ्याएको योगदानको उच्च प्रसंसा गर्नुभयो।

उद्घाटन कार्यक्रम नेरेसो, कास्की जिल्ला शाखाका मन्त्री सुरेन्द गुरुङले सञ्चालन गर्नुभएको थियो। गोष्ठीको आतिथ्यता गर्ने श्री शिवशक्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक एवं युवा रेडक्रस सर्कलका संरक्षक शम्भुराज बास्तोलाले राष्ट्रिय गोष्ठीमा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो। कार्यक्रममा विद्यालयका शिक्षक र जुनियर तथा युवा विद्यार्थीहरूद्वारा स्वागत गीत, नृत्य मार्च पासलगायत रक्षात्मक सीप प्रस्तुत गरिएको थियो भने ॐकार फूलबारी भजन मण्डलीको तर्फबाट साङ्गितिक भजन प्रस्तुत गरिएको थियो।

केन्द्रीय जुनियर युवा रेडक्रस समितिका उपसंयोजक प्रा.डा.कृष्णप्रसाद गौतमको संयोजकत्वमा बनेको ९ सदस्यीय समितिले गोष्ठीमा प्राप्त प्रस्तावहरूको छानबीन गरेको थियो भने समितिका सदस्य सचिव एवं जुनियर तथा युवा रेडक्रस विभागका प्रमुख धर्मदत्त विडारीले राष्ट्रिय गोष्ठीको समग्र संयोजन गर्नुभएको थियो। सो गोष्ठीमा जलवायु परिवर्तन, साइबर शिक्षा, सडक सुरक्षा, वातावरण संरक्षण, आँखा सुरक्षा, खानेपानी, सरसफाइ तथा स्वच्छताजस्ता समसामयिक सबालहरूमा प्रस्तुतीकरणसहित अभिमुखीकरण गरिएको थियो। अभिमुखीकरणमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय र सुरक्षा निकायका स्रोत व्यक्ति र रेडक्रसका युवा प्रतिनिधिलगायतले सहजीकरण गर्नुभएको थियो।

### विजयी प्रतियोगीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण :

४१औं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस गोष्ठीका अवसरमा जिल्ला शाखाहरूको आतिथ्यतामा सम्पन्न विभिन्न विधामा सम्पन्न राष्ट्रिय प्रतियोगिताका विजयीहरूलाई नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष, प्रा. सुदर्शनप्रसाद नेपालले गोष्ठी समापनका क्रममा पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको थियो।

जसमा युवातर्फको राष्ट्रिय निवन्ध प्रतियोगितामा श्री पक्लीहवा मा.वि. रूपन्देहीका मनिष लामिछाने क्षेत्री र जुनियरतर्फ श्री दुर्गादेवी मा.वि. रूपन्देहीकी सपना आचार्य प्रथम हुनुभएको छ भने युवातर्फको राष्ट्रिय कविता प्रतियोगिता कृषि तथा वन विज्ञान क्याम्पस चितवनका शेर साउद र जुनियरतर्फ ओमशान्ति एकेडेमी चितवनकी भविशिखा श्रेष्ठ प्रथम हुनुभएको छ। त्यस्तैं युवातर्फको राष्ट्रिय चित्रकला प्रतियोगितातर्फ युवा रेडक्रस सर्कल के.यु. काभ्रेपलाञ्चोकका पुष्पादास र जुनियर तर्फ भानु श्री मा.वि. काठमाडौंका आरोज तामाङ प्रथम हुनुभएको छ।

● त्यो ज्ञान, जो किताबमा सीमित छ । त्यो धन, जो अर्काको कब्जामा छ । यी दुबै आफ्नो आवश्यक्ता परेको बेला काम लाग्दैन । – चाणक्य

# नेरेसोका प्रमुख गतिविधि र प्राथमिकता क्षेत्रका बारेमा जानकारी गराउन पत्रकार सम्मेलन सम्पन्न






काठमाडौं, पुस २५ गते । नेपाल रेडक्रस सोसाइटीको दर्ता नवीकरण, केन्द्रीय कार्यसमितिले हालसम्म सम्पन्न गरेका प्रमुख गतिविधिहरू, भावी कार्ययोजना र प्राथमिकता क्षेत्रका बारेमा जानकारी गराउने उद्देश्यले विभिन्न सञ्चार माध्यमहरूको उपस्थितिमा केन्द्रीय कार्यालय काठमाडौंमा पत्रकार सम्मलेनको आयोजना गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष, प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा सञ्चालित सो पत्रकार सम्मेलनमा सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले संस्थाका तर्फबाट तयार गरिएको कार्य प्रगति प्रस्तुत गर्नुभएको थियो ।

दैनिक पत्रिका, टेलिभिजन, एफएम रेडियो र अनलाइन पत्रिकाका गरी २५ भन्दा बढी सञ्चार माध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको सो सम्मेलनमा बोल्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष नेपालले कार्यसमितिको दुई वर्षे प्राथमिकताका विषयहरू निर्धारण गरी अघि बढिरहेको सन्दर्भमा पहिलो प्राथमिकताको रूपमा रहेको संस्था दर्ता नवीकरण गर्न सफल भएको बताउनुभयो ।

उहाँले रेडक्रसको कानुन निर्माण गर्ने प्रमुख दायित्व सरकारको भएको बताउँदै सो कानुन बनाउनका लागि नेपाल रेडक्रसले सरकारलाई सहयोग र सहजीकरण गरिरहेको बताउनुभयो । नेपाल रेडक्रसले संशोधन गर्न लागेको विधानमा संस्थाको सांगठनिक तहमा पालिका तहलाई पनि समेटने प्रयास भइरहेको बताउनुभयो ।

पत्रकारबाट राखिएको जिज्ञासालाई सम्बोधन गर्दै अध्यक्ष, प्रा. नेपालले हालको अवस्थामा नेपाल रेडक्रसको अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग सुदृढ बन्दै गएको र सहयोग र साझेदारीका विषयमा नेपालस्थित रेडक्रस अभियानका अन्तर्राष्ट्रिय साझेदार निकायहरूसँग हालै बैठक सम्पन्न भएको पनि बताउनुभयो ।

सोसाइटीका महामन्त्री श्रेष्ठले कार्य प्रगति प्रस्तुत गर्दै वि.सं. २०७६ साउनदेखि हुन नसकेको संस्थाको दर्ता नवीकरण यही पौष १८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नवीकरण भएको जानकारी गराउनुभयो । संस्था नवीकरण कार्यमा सहयोग गर्ने नेपाल सरकार, साझेदार निकाय र सम्बन्धित सबैमा कृतज्ञता व्यक्त गर्दै संस्था नवीकरण भएपश्चात् रेडक्रस अभियानसँग सम्बद्ध सबैमा सकारात्मक भावनाको सञ्चार भएको बताउनुभयो ।

सोही अवसरमा बोल्दै नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री, मनोजकुमार थापाले नेपाल रेडक्रसको हालको कार्यसमिति वैधानिक रूपमा निर्वाचित भएकोले यसलाई काम गर्न कहींकतैबाट अवरोध नभएको बताउनुभयो ।

कार्य प्रगतिमा बझाङ जिल्लाको चैनपुरलाई केन्द्रविन्दु बनाई गएको भूकम्पबाट प्रभावित ५ हजार परिवारलाई राहत वितरण, २ सय ५० परिवारको लागि अस्थायी आवास निर्माणमा सहयोग र ६ सय परिवारलाई बहुउद्देश्यीय नगद सहायता प्रदान गरिएको र जाजरकोटको रामीडाँडालाई केन्द्रविन्दु बनाई गएको भूकम्प प्रतिकार्यस्वरूप ५ हजार परिवारलाई राहत वितरण, ६०० परिवारलाई अस्थायी आवास निर्माणका लागि नगद सहयोग, ४ हजार परिवारलाई बहुउद्देश्यीय नगद सहायता प्रदान र सहायता कक्षमार्फत् दस हजारभन्दा बढीलाई सेवा प्रदान गरिएको उल्लेख छ ।

जारी प्रेस विज्ञप्तिमा संस्थाको सरकार र अन्य साझेदार निकायसँगको समन्वय र सम्बन्ध विस्तार, विपद् व्यवस्थापन, अन्तर्राष्ट्रिय सम्बन्धका साथै आगामी २ वर्षे विशेष प्राथमिकताका गतिविधिहरूका बारेमा उल्लेख गरिएको छ ।

पत्रकार सम्मेलनमा कोषाध्यक्ष, बीरवहादुर वस्नेत, केन्द्रीय सदस्य एवं विपद् व्यवस्थापन समितिका संयोजक विनोद कुमार बस्नेत र केन्द्रीय सदस्य एवं सङ्गठन तथा जनशक्ति विकास समितिका संयोजक नारायण तिमिल्सिनासहित रेडक्रसका उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## साझेदार निकायहरुसँगको बैठक सम्पन्न

नेपाल रेडक्रस सोसाइटी र रेडक्रस अभियानका साझेदार नियकायहरूको बैठक सोसाइटीको केन्द्रीय कार्यालय काठमाडौंमा पुस २४ गते सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ, आईसीआरसी, साझेदार राष्ट्रिय सोसाइटीहरूका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता रहेको सो बैठक नेपाल रडेक्रस सासोइटीका अध्यक्ष, प्राध्यापक



सुदर्शनप्रसाद नेपालको अध्यक्षतमा बसेको थियो ।

बैठकमा नेपाल रडेक्रस सोसाइटीको दर्ता नवीकरण, केन्द्रीय कार्यसमितिले हालसम्म सम्पन्न गरेका प्रमुख गतिविधिहरू, भावी कार्ययोजना र प्राथमिकता, जाजरकोट र बभाङ भूकम्पबाट प्रभावित क्षेत्रहरूमा भइरहेका प्रतिकार्यका गतिविधिलगायतका विषयमा साझेदार निकायका प्रतिनिधिहरूलाई जानकारी गराइएको थियो ।

बैठकमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष, प्राध्यापक नेपालले हालसम्म साझेदार सोसाइटीहरूबाट प्राप्त सहयोगको प्रशंसा गर्दै नेपाल रेडक्रस आफ्ना सेवा तथा विकासमूलक कार्यहरू सञ्चालन गर्न सक्षम रहेकाले आगामी दिनमा थप साझेदारी र सहयोगका लागि अपिल गर्नुभयो ।

(बाँकी पृष्ठ ५ मा)

# भूकम्प प्रतिकार्यसम्बन्धी गतिविधिहरु

**बझाङ** । नेपाल रेडक्रस सोसाइटी बझाङ जिल्लामा सञ्चालित भूकम्प प्रतिकार्य कार्यक्रममार्फत् २८० परिवारलाई नगद सहयोग वितरण र अस्थायी आवास निर्माणको लागि ११० परिवारसँग सम्झौता सम्पन्न भएको छ। जसमध्ये ९५ परिवारले अस्थायी आवास र ५० परिवारले शौचालय निर्माण कार्य सम्पन्न गरेका छन्।

**बाजुरा** । नेपाल रेडकस सोसाइटी बाजुरा जिल्ला शाखामा सञ्चालित भूकम्प प्रतिकार्य कार्यक्रमवाट २८४ परिवारलाई नगद सहायता रकम वितरण र अस्थायी आवास निर्माणका लागि १२० परिवारसँग सम्झौता सम्पन्न गरिएको छ। जसमध्ये २० वटा अस्थायी आवास निर्माण सम्पन्न भएको छ।

**जाजरकोट** । जाजरकोटका भूकम्प प्रभावित क्षेत्रमा परिचालित हुने नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकहरूलाई विषयगत अभिमुखीकरण गरिएको छ। यसरी परिचालित हुने स्वयंसेवकहरूले प्रभावित क्षेत्रमा अस्थायी आवास निर्माण, सामुदायिक संलग्नता र जवाफदेहिता, खानेपानी तथा सरसफाइ, स्वास्थ्य, लैङ्गिक तथा समावेशीकरणलगायतका विषयमा जानकारी गराउने छन्।

यस्तै नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाद्वारा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघको सहयोग र समन्वयमा भेरी नगरपालिकाका १ र ३ मा गरी जम्मा ३५० अस्थायी आवास निर्माण भइरहेको जाजरकोट जिल्ला शाखाले जनाएको छ।

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।



बाजुरामा भइरहेको अस्थायी आवास निर्माण कार्य



रूकुममा सञ्चालित आपत्कालीन स्वास्थ्य क्लिनिक



केन्द्रबाट पठाइएको आईइसी सामग्री जिल्लाहरूमा वितरण हुँदै

**बझाङ** । नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयले भूकम्प प्रभावित जिल्लाहरूमा वितरणका लागि खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सूचना, शिक्षा तथा सञ्चार (आईइसी) सामग्रीहरू पठाएको छ। उक्त आईइसी सामग्रीहरू र बाजुराको लागि ८-८ सय थान र जाजर कोटको लागि ६-६ सय थान पठाइएको छ।

उक्त सामग्रीहरू रेडक्रसका स्वयंसेवकहरू परिचालन गरी प्रभावित जिल्लाका समुदाय र विद्यालयहरूमा वितरण गरी खानेपानी, सरससफाइ र स्वच्छताका बारे सचेतनामूलक गतिविधिहरू सञ्चालन हुँदैछन्।

## ऑखा उपचार सेवा

**सिन्धुली ।** नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाद्वारा सिन्धुली कारागारका आँखामा समस्या देखिएका कैदी तथा बन्दीहरूका लागि निशुल्क आँखा जाँच शिविर सञ्चालन गरिएको छ। सो शिविरमा मोतिया बिन्दु भएका ५ जना र अन्य समस्या भएका १७८ जनाको आँखा जाँच गरिएको शाखाले जनाएको छ।

सिन्धुलीका प्रमुख जिल्ला अधिकारी भरत खनालको प्रमुख आतिथ्यतामा सम्पन्न सो शिविरमा जिल्ला प्रहरी कार्यालय सिन्धुली प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी नायब उपरीक्षक, जिल्ला कारागार प्रमुख, सुरक्षाकर्मी, रेडक्रसकर्मी र कर्मचारीहरूको उपस्थिति रहेको थियो।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सिन्धुलीले दुई सय ५० जना मोतिबिन्दु रोग लागेर छनोट भएका आँखाका बिरामीको निःशुल्क शल्यक्रिया गर्ने भएको छ। जिल्लाका विभिन्न दश ठाउँमा आँखाको शिविर चलाएर छनोट भएका ती बिरामीको सदरमुकाम सिन्धुलीमाढीस्थित रेडक्रस आँखा केन्द्रमा शल्यक्रिया गरिने भएको छ।

## जुनियर युवा गतिविधि :




**धादिङ ।** युवा रेडक्रस सर्कल नीलकण्ठ बहुमुखी क्याम्पसमा तीन दिने **Y–Adapt Basic** तालिम सम्पन्न भएको छ। विश्वभर भइरहेको जलवायु परिवर्तनलाई अनुकूलन गर्नको लागि युवाहरूलाई लक्षित् गरी तयार गरिएको कार्यक्रम अन्तर्गत तालिमको आयोजना गरिएको हो ।

तालिममा धादिङ जिल्लाको नीलकण्ठ नगरपालिकाका ८ वटा र ज्वालामुखी गाउँपालिकाको २ वटा गरी १० वटा विद्यालयका ३० जना युवाहरूको उपस्थिति रहेको थियो। तालिममा बन्दना पोखरेल, गीता रावल, विशाल चौधरी थारु र रोशन बयलकोटीले सहजीकरण गर्नुभएको थियो ।

**काठमाडौं ।** पुस ४ गते नेपाल रेडक्रस सोसाइटी युवा रेडक्रस सर्कल नेपाल कमर्श क्याम्पसले क्याम्पस परिसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ४४ महिलासहित १४० जना स्वयंसेवी रक्तदाताहरूले रक्तदान गर्नु भएको छ।

यस्तै,नेपाल रेडक्रस सोसाइटी युवा रेडक्रस सर्कल त्रि-चन्द्र बहुमुखी क्याम्पसका ४० जना विद्यार्थीहरूका लागि एक दिने जैविक फोहोर व्यवस्थापन तालिम सम्पन्न भएको छ। सो तालिममा पूर्व वातावरण विभाग प्रमुख तथा क्याम्पसका लेक्चरर डा. किशोरकुमार महर्जनले सहजीकरण गर्नुभएको थियो ।

**रौतहट ।** रौतहटस्थित श्री ब्रहम ज्योति मा.वि. लौकाहा पोखरियाका प्रधानाध्यापक अरूणकुमार यादवको अध्यक्षतामा रेडक्रस अभियानको अभिमुखीकरणका साथै युवा सर्कलको पुनर्गठन गरिएको छ। सो अभिमुखीकरण कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाका मन्त्री धर्मेन्द्रप्रसाद सिंहले सहजीकरण गर्नुभएको थियो ।

(पृष्ठ ३ को बाँकी)

## साझेदार ....

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको हालै भएको दर्ता नवीकरण र यसक्रममा सोसाइटीका तर्फबाट गरिएका प्रयास र प्रक्रियाको बारेमा सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले जानकारी गराउनुभएको थियो। यस्तै सोसाइटीको विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले बझाङ र जाजरकोट भूकम्प प्रतिकार्यमा हालसम्म सम्पन्न गतिविधि र उपलब्धिका बारेमा जानकारी गराउनुभएको थियो।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री, भूपतिलाल श्रेष्ठले केन्द्रीय कार्यसमितिका प्राथमिकताका क्षेत्र र हालसम्मका उपलब्धिको बारेमा जानकारी गराउँदै पहिलो प्राथमिकताको रूपमा रहेको संस्था दर्ता नवीकरण गर्न कार्य समिति सफल भएको बताउनुभयो । हरेक वर्ष गर्नुपर्ने संस्था दर्ता नवीकरण आगामी दिनमा पनि समयमै गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो। संस्थाको विधान परिमार्जनका लागि जिल्लाहरूमा पठाई सुझाव संकलन गर्ने कार्य भइरहेको र रेडक्रस कानुन निर्माणका लागि सरकारलाई सहयोग र सहजीकरण गरी कार्यसमिति आफ्नो दुई वर्षे प्राथमिकता अनुरूप अघि बढिरहेको बताउनुभयो।

सो अवसरमा साझेदार निकायका तर्फबाट नेपाल रेडक्रसलाई आवश्यक सहयोग उपलब्ध गराई सँगसँगै काम गर्ने प्रतिवद्धता जनाएका छन्।

सो कार्यक्रममा साझेदार निकायहरूका तर्फबाट रेडक्रसको अन्तर्राष्ट्रिय महासंघका नेपाल प्रमुख अजमद् उल्ला, आईसीआरसीका नेपाल प्रमुख, सन्देश श्रेष्ठ र ब्रिटिश रेडक्रस, डेनिस रेडक्रस, स्विस रेडक्रस, क्यानेडियन रेडक्रस, फिनिश, जापनिज रेडक्रसका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

सो बठैकमा नेपाल रडेक्रस सासोइटीका तर्फबाट अध्यक्ष प्राध्यापक नेपाल, महामन्त्री श्रेष्ठ, कोषाध्यक्ष वीरबहादुर बस्नेत, केन्द्रीय विपद् व्यवस्थापन समितिका संयोजक विनोदकुमार बस्नेत, कार्यकारी निर्देशक र विभागीय निर्देशकहरूको सहभागिता रहेको थियो।

## खानेपानी तथा सरसफाइ गतिविधि

### पाल्लेखेतका ४५ परिवारलाई एकघर एकधारा

कास्की, पुस १८ गते। युनिका फाउण्डेशन दि नेदरल्याण्ड र अन्नपूर्ण गाउँपालिकाको आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको प्राविधिक सहयोगमा अन्नूर्ण गाउँपालिका ७ स्थित पाल्लेखेत गाउँका ४५ घरपरिवारका लागि एकघर एकधारा निर्माण सम्पन्न भई परियोजना उद्घाटनसँगै समुदायलाई हस्तान्तरण गरिएको छ।

अन्नपुर्ण गाउँपालिका अध्यक्ष, बिष्णुबहादुर केसीको प्रमुख आतिथ्यतामा, युनिका फाउन्डेशन दि नेदरल्याण्डका प्रतिनिधि रमेश पौडेल र नेरेसो कास्की जिल्ला शाखाका सभापति दण्डराज शर्माले संयुक्त रूपमा उक्त परियोजनाको उदघाटन गर्नु भएको थियो।



कार्यक्रममा अन्नपूर्ण गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारी, नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका उपसभापति उर्मिला खडका, मन्त्री सुरेन्द्र गुरुङ, उपमन्त्री रमा कोइराला लगायत विभिन्न नियकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

४५ वटा धारा र ३ वटा ट्याङ्की निर्माण गरिएको सो परियोजना युनिका फाउण्डेशन दि नेदरल्याण्ड, अन्नपूर्ण गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा र समुदायको सहयोग गरी जम्मा रु. ७० लाख ९१ हजार २ सय ३९ को लागतमा सम्पन्न भएको नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाले जनाएको छ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष चन्द्रबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा खानेपानी ट्याङ्की निर्माणका लागि जग्गादाताहरू मैतप्रसाद गुरुङ, देशप्रसाद गुरुङ र माया गुरुङलाई कार्यक्रममा सम्मान गरिएको थियो।

# विपद् व्यवस्थापन गतिविधि

**चितवन ।** आगलागीसम्बन्धी कृत्रिम घटना अभ्यास कार्यक्रम भरतपुरस्थित वीरेन्द्र बहुमुखी क्याम्पसको वाइपास रोडमा सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय, चितवनको आयोजना तथा नयाँ सवुज गण नेपाली सेना व्यारेक भरतपुर, सशस्त्र प्रहरी बल, जिल्ला प्रहरी कार्यालय भरतपुर, भरतपुर महानगरपालिका र नेपाल रेडक्रस सोसाइटी चितवन जिल्ला शाखालगायतको सहकार्यमा घटना अभ्यास गरिएको हो ।

कार्यक्रममा आगलागीसम्बन्धी कृत्रिम घटना अभ्यासअन्तर्गत भान्छामा हुने आगलागी, ग्याँस सिलिण्डरका कारणले हुने आगलागीदेखि गाउँघरमा हुने ठूला आगलागीसम्मका कृत्रिम घटनाहरू प्रदर्शन हुनुका साथै नियन्त्रण गर्ने तरिका र आगलागीबाट भएका घाइतेहरूको उद्धार र सरोकारवाला निकायहरूको भूमिकाका बारेमा प्रस्तुत गरिएको थियो ।



उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य एवं चितवन जिल्ला शाखाका सभापति हरिप्रसाद पौडेल, नेपाली सेना नयाँ सवुज गण भरतपुरका गणपति, सशस्त्र प्रहरी वलका प्रमुख, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुखलगायतका महानुभावहरूको उपस्थिति रहेको थियो ।

**जुम्ला ।** नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापा जुम्लाको चन्दननाथ नगरपालिकामा सञ्चालन भइरहेको शहरी पूर्वतयारी तथा आपतकालीन सुदृढीकरण प्रतिकार्य अर्थात् सुपर परियोजनाको स्थलगत अनुगमन गर्नुभएको छ। उपमहामन्त्री थापा सहित केन्द्रीय कार्यालयका कर्मचारीहरूको अनुगमन टोलीलाई नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखाका मन्त्री ईन्द्रराज डागीले दौसला ओडाइ स्वागत गर्नुभएको थियो ।

स्विस रेडक्रसको आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वयमा सोसाइटीको जुम्ला जिल्ला शाखा र चन्दननाथ नगरपालिकाको सहकार्यमा सुपर परियोजना सञ्चालन भइरहेको छ ।

**डोटी ।** नेपाल रेडक्रस सोसाइटी डोटी जिल्ला शाखाद्वारा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वय तथा अमेरिकन रेडक्रसको साझेदारीमा सञ्चालित पश्चिम विपद् पूर्वतयारी परियोजना र सुरक्षित नेपाल परियोजना शिखर नगर पालिका तथा पूर्वीचौकी गाउँपालिकालाई एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको छ ।

सो कार्यक्रममा परियोजनाको समाप्तिसँगै पालिकाहरूले वहन गर्नुपर्ने ५ विषयका जिम्मेवारीहरूका सम्वन्धमा छलफल गरिएको थियो । पालिकाहरूले पनि समितिहरूको कामलाई अनुगमन गरी विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा आवश्यक पहल गर्ने प्रतिवद्धता जाहेर गरिएको थियो ।

नेपाल रेडक्रस सासाइटी डोटी जिल्ला शाखाका सभापति खडकवहादुर खडकाको अध्यक्षता तथा दिपायल सिलगढी नगरपालिकाका नगरप्रमुख वाजीसिंह खडकाको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा शिखर नगरपालिकाका नगरप्रमुख दीर्घवहादुर वलायर, पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष रामप्रसाद उपाध्याय, डोटी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्याय, नेपाल रेडक्रस सोसाइटीका उपाध्यक्ष सुरेन्द्र सिंह ऐर, सुदुरपश्चिम प्रदेश समितिका अध्यक्ष दिलबहादुर बुढा, महासचिव देवबहादुर बोहरालगायत विभिन्न साझेदार एवं सरोकारवाला निकायका प्रतिनिधिहरूको उपथिति रहेको थियो ।


## आगलागी प्रभावितलाई राहत

**कैलाली ।** कैलालीको भजनी नगरपालिका ५ नयाँबस्तीमा १५ गते राति भएको आगलागी प्रभावित एक परिवारलाई नेपाल रेडक्रस सोसाइटी लालबोझी उपशाखाद्वारा गैरखाद्य राहत सामग्री सहयोग उपलब्ध गराइएको उपशाखाले जनाएको छ ।

**बैतडी ।** नेपाल रेडक्रस सोसाइटी बैतडी जिल्ला शाखाले बैतडीको विनोडाका आगलागीबाट प्रभावित एक परिवारलाई राहत स्वरुप रु. ५ हजार ५ सय उपलब्ध गराइएको छ ।



नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाले जिल्लाका भूकम्प प्रभावित सुत्केरी महिलाहरूलाई राहत तथा न्यानो कपडा बितरण गरेको छ । युएनएफपीएको सहयोगमा भूकम्प प्रभावित ३ सय ७० जना सुत्केरीहरूलाई न्यानो कपडा वितरण गरिएको हो ।



रक्तदान गर्नुहोस् ताकि अन्य मानिसहरूलाई पनि त्यसो गर्न प्रोत्साहन मिलोस् ।

# नेपाल रेडक्रस सोसाइटी, ४१औं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस गोष्ठी

**कास्की जिल्ला शाखा एवं युरेस श्री शिवशक्ति मा.वि. फुलवारी-११ पोखरा, कास्की**

**७-८ पुष, २०८० (२३-२४ डिसेम्बर, २०२३)**

## पोखरा घोषणा-पत्र

नेपाल रेडक्रस सोसाइटीको ४१औं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस गोष्ठीमा उपस्थित ६७ जिल्ला शाखाका ३५० जना सहभागीहरू, केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरू, केन्द्रीय जुनियर तथा युवा रेडक्रस समितिका पदाधिकारी, सदस्यहरू, साझेदार संस्थाका प्रतिनिधिहरू र स्थानीय निकायहरूका प्रतिनिधिहरूको सहभागितामा सम्पन्न यस गोष्ठीले यो पोखरा घोषणापत्र तयार गरेको छ :

### प्रस्तावहरू :

१. ४१औं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस गोष्ठी सफलतापूर्वक आतिथ्यता गर्ने नेपाल रेडक्स सोसाइटी कास्की जिल्ला शाखा र युवा रेडक्रस सर्कल श्री शिवशक्ति मा. वि. पोखरालगायत यस कार्यक्रमलाई भव्यताका साथ सुसम्पन्न गर्न सहयोग गर्नु हुने सबै सरकारी तथा गैरसरकारी निकाय, सञ्चारकर्मी तथा सहजकर्ताहरू तथा सहभागीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

२. देशभरिका करिब ६,६३२ जुनियर तथा युवा रेडक्रस सर्कलबाट ४१औं राष्ट्रिय गोष्ठी पोखराको घोषणा अनुसार ६७ जिल्ला सहभागी भई उत्साहका साथ र कम सङ्कलन भइरहेको सन्दर्भमा यो वर्ष पनि प्रति सदस्य रु. ५ वा प्रति सर्कल रु. १०००/- का दरले रकम सङ्कलन गर्ने गरिएकोमा आगामी दिनदेखि प्रति सदस्य रु. १० वा प्रति सर्कल रु. १०००/- गरी नीति अनुसार केन्द्र तथा जिल्ला शाखाहरूबाट अपुग रकम थप गरी एक करोड बराबरको **जुनियर/युवा राष्ट्रिय कार्यक्रम कोष** खडा गरी त्यसको ब्याजबाट प्रत्येक वर्ष राष्ट्रिय जुनियर/युवा गोष्ठी तथा अन्य राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरका कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्ने कार्यलाई निरन्तरता दिने ।

### प्रतिबद्धता :

१. **"विश्वव्यापीरूपमा अभिप्रेरित, स्थानीयरूपमा सशक्तिकृत : जलवायुसम्बन्धी गतिविधिमा जुनियर तथा युवा" भन्ने नाराका साथ** जुनियर तथा युवा रेडक्रसको संगठनात्मक विकासलाई थप प्रभावकारी बनाउन समयमै सर्कल गठन तथा पुनर्गठन गरी वर्षैभरी युवा सहभागिता रणनिति अनुसार युवाहरूलाई स्वयंसेवकका रूपमा, लाभान्वितका रूपमा र नेताका रूपमा सहभागिता गराई युवाहरूमार्फत् नै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. जुनियर तथा युवा रेडक्रसका गतिविधिहरू सञ्चालन गर्ने क्रममा स्थानीयस्तर मै स्रोत सङ्कलन तथा परिचालनमा विशेष जोड दिने । त्यसका लागि :

- बार्षिक प्रति जुनियर तथा युवा रेडक्रस सदस्य रु. ५ सङ्कलन गर्ने अभियानलाई यस वर्षबाट समयसामयिक परिवर्तन गरी रु १० बनाई सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिँदै जुनियर तथा युवा रेडक्रसको कोष बृद्धि गर्दै लैजाने ।
- मुठीदान तथा समयानुकुलमा अन्नहरू सङ्कलन, देउसी भैलो जस्ता साँस्कृतिक कार्यक्रमहरू गरी त्यसबाट सङ्कलन भएको रकम थप गरी कोष वृद्धि गर्दै लैजाने ।
- स्थानीय सरकारको कार्यक्रम तथा बजेट तय गर्दा जुनियर तथा युवा सर्कलका कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारसँग बजेट विनियोजन गर्न अनुरोध तथा पैरवी गर्ने ।

३. नीतिगतरूपमा केन्द्र, प्रदेश, जिल्ला, पालिका, क्याम्पस र विद्यालय तहमा सर्कलको सांगठनिक पुनःसंरचनाको (स्थानीय युवाहरूलाई परिचालन गरी) अनिवार्य व्यवस्था लागू गर्नु पर्ने ।

४. राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय गोष्ठीको संरचना समयावधिमा समयानुकूल परिवर्तन गर्नु पर्ने ।

५. जिल्ला प्रदेशस्तरीय कार्यक्रमहरूलाई महत्वका साथ युवाहरूलाई प्राथमिकतामा राखी उनीहरूको ज्ञान, सीप र अवधारणा विकास गर्न जीवन उपयोगी सीपहरू सिकाउनु पर्ने ।

६. युवाका कार्यक्रमहरू मानवीय सेवासँगै उद्यमशीलता, नेतृत्व विकास र सामाजिक दायित्व वहनप्रति केन्द्रित रहने योजना बनाउनु पर्ने ।

७. जलवायु परिवर्तन, साइबर शिक्षा, सडक सुरक्षा, वातावरण संरक्षणजस्ता वर्तमानका जल्दाबल्दा समसामयिक सवालहरूमा जुनियर तथा युवा सर्कल, शिक्षकनायक तथा जुनियर तथा युवा रेडक्रस समितिका संयोजकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

८. हाल भइरहेका सोसाइटीका सबै संरचनाहरूमा जुनियर तथा युवाहरूको अनिवार्य प्रतिनिधित्व गराउनु पर्ने ।

९. आन्तरिक युवा विनिमय कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्दै अझ प्रभावकारी बनाउँदै लैजान जिल्ला, प्रदेशस्तरीय कार्यक्रम तथा बजेट तयार गर्दा उच्च प्राथमिकतामा राख्ने ।

१०. राष्ट्रियस्तरका कुनै पनि प्रतियोगिता गर्दा जुनियर तथा युवाअनुसार तह छुट्याई मूल्याङ्कन गर्ने र मूल्याङ्कन समितिमा युवाहरूको अनिवार्य सहभागिता गराउने ।

११. प्रविधिको उच्चतम प्रयोग गरी राष्ट्रियस्तरका कार्यक्रम सकभर सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण गर्ने वा रेकर्ड गरी नेरेसोको वेबसाइडमार्फत् संप्रेषण गर्ने र जुनियर तथा युवाहरूको तथ्याङ्क अद्यावधिक गर्ने ।

१२. समय समयमा नेपाल सरकारले घोषणा गरेका राष्ट्रिय अभियानहरूमा जुनियर तथा युवा रेडक्रसका स्वयंसेवकहरूका सक्रिय सहभागिताका लागि उपशाखा, जिल्ला शाखा, प्रदेश र केन्द्रीयस्तरबाट सहयोग गर्नका लागि पत्राचार गरी जानकारी गराउने, रेडक्रसका युवाहरूलाई नेपाल सरकारको युवा परिषद्सँग समन्वय गरी मानवीय कार्यमा अगाडि बढ्ने, बढाउने ।

१३. नेपाल रेडक्रस सोसाइटीले उच्च प्राथमिकतामा राखेका कार्यक्रमहरूमा केन्द्रीय जुनियर तथा युवा रेडक्रस विभागको समन्वय, सहयोग र सहकार्यमार्फत् जुनियर तथा युवा रेडक्रस स्वयंसेवकहरूको सहभागिता र सहयोग गर्ने, गराउने ।

### सुझावहरू :

१. आगामी बर्षहरूको जुनियर तथा युवा रेडक्रस राष्ट्रिय गोष्ठीमा सहभागिता बृद्धिका लागि (क) वर्गमा रहेका सुगम जिल्लाहरूले कम्तिमा पनि एक दुर्गम जिल्लाको सहभागीहरूको लागि एकतर्फी यातायात भाडाको व्यवस्था गर्नु पर्ने ।

२. राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय कार्यक्रमहरू सञ्चालनको परम्परागत शैलीमा परिवर्तन गरी मञ्चमा सकेसम्म प्यानलिस्ट वा वक्तालाई मात्र उपस्थिति गराई उद्घाटन कार्यक्रम आकर्षक र छोटो बनाउन पहल गर्नु पर्ने ।

३. जुनियर, युवा तथा शिक्षकनायकहरूको भ्रमण तथा विनिमय कार्यक्रम सञ्चालन गर्दा राष्ट्रियस्तरका कार्यक्रमहरू सञ्चालन गर्न सर्कलहरूलाई प्राथमिकता दिनु पर्ने तथा छनौटको आधार तथा प्रक्रिया परिमार्जन गर्नुपर्ने,

४. राष्ट्रियस्तरका प्रतियोगिताहरूको पुरस्कारको राशिमा वृद्धि र एकरूपता गर्नु पर्ने ।

५. उत्कृष्ट जुनियर तथा युवा रेडक्रस सर्कल र उत्कृष्ट शिक्षक नायकहरूको मूल्यांकन फाराम केन्द्रबाट पत्राचार गर्ने समयमा बेवसाइडमा पनि राख्न पहल गर्नु पर्ने ।

६. जुनियर तथा युवा रेडक्रस कार्यप्रणाली निर्देशिकालाई समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने ।

७. राष्ट्रियस्तरका ठूलो समूहको सहभागितामा हुने कार्यक्रमहरूमा समावेशितालाई ध्यान दिई आवश्यक व्यवस्थापन जस्तै : प्राथमिक उपचार स्टेशन, महिनावारी स्वच्छता व्यवस्थापनका सामग्रीहरू व्यवस्थापनजस्ता कुरामा अनिवार्य ध्यान दिई व्यवस्थापन गर्ने ।

८. सबै तहमा संरचनाअनुसार अनिवार्य रुपमा त्रैमासिक प्रतिवेदन पठाउने व्यवस्था गर्ने ।

९. जुरेस युरेसका गतिविधिहरू तय गर्दा आर्थिक वर्षलाई आधार बनाई गर्नु पर्ने ।

१०. सबैस्तरका जुनियर तथा युवाका गतिविधिहरू सञ्चालन भएका समयमा जिल्लाको आतिथ्यताका लागि प्रतिनिधित्व गर्दा आयोजकलाई आर्थिक भार नपर्ने गरी व्यवस्थापन गर्नु पर्ने ।

११. जुनियर तथा युवा, शिक्षक नायक र स्वयंसेवकहरूलाई रेडक्रस कार्यक्रमहरूमा परिचालन गर्दा औषधि उपचार तथा दुर्घटना बिमाको अनिवार्य व्यवस्था गर्नु पर्ने ।

१२. जुनियर तथा युवाहरूको आँखा जाँच क्षमता विकास गरी शैक्षिक संस्थामा आँखा जाँच नियमित गर्न सर्कलको वार्षिक कार्यतालिकामा समावेश गरी सो अनुसार गर्ने ।

१३. जुनियर तथा युवासँग सम्बन्धित कार्यक्रमहरू आयोजना गर्दा जुनियर तथा युवाहरूको प्रतिनिधित्व गराउनु पर्ने र मञ्चमा समेत आसन गराउनु पर्ने ।

*(राष्ट्रिय गोष्ठीमा प्राप्त प्रस्तावहरू छानवीन समितिमा केन्द्रीय जुनियर युवा समितिका उपसंयोजक प्रा.डा.कृष्णप्रसाद गौतम-तनहुँ र सदस्यहरू रमेशराज भण्डारी-कास्की, ललित शाही-जाजरकोट, स्वीकृति दाहाल-भक्तपुर, मोहनचन्द्र चौलागाइ-मकवानपुर, मनिषा साह-सल्यान, रिता पाठक-मोरङ्ग, लिला खनाल र सुरज पोखरेल-नेरेसो जुनियर तथा युवा रेडक्रस विभाग रहनुभएको थियो ।)*

# आपत्कालीन स्वास्थ्य शिविरबाट ८२८ जना लाभान्वित

जाजरकोट। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको संयोजनमा भूकम्प प्रतिकार्य कार्यक्रमअन्तर्गत सञ्चालित आपत्कालीन स्वास्थ्य क्लिनिकहरूबाट ३ हजार १ सय ९५ जना लाभान्वित भएका छन्।

उक्त क्लिनिकहरू रुकुम पश्चिमको आठबीसकोट नगरपालिका र सानीभेरी गाउँपालिका एवं जाजरकोट जिल्लाको कुशे गाउँपालिकाका विभिन्न स्थानमा सञ्चालन गरिएका छन्।

जाजरकोटको कुसे गाउँपालिका ३ र ६ को टापुचौर र घाँराङरामा सञ्चालित क्लिनिकहरूमा ८ सय २८ जनाको नि:शुल्क स्वास्थ्य जाँच गरि नुका साथै मनोसामाजिक मरामर्श सेवा र औषधि वितरण गरिएको थियो।

विकट स्थानमा रहेको सो समुदायमा क्लिनिकको सेवा लिन टाढा टाढाबाट चार-पाँच घण्टा पैदल हिडेर लाभान्वितहरू पुगेका थिए। क्लिनिकबाट पाठेघरको समस्या, गर्भवती-सुत्केरी



महिला, बालवालिका, जेष्ठ नागरिक, मनोरोगी, छाला र आँखा रोग, ग्याष्ट्रिकका विरामीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराइएको थियो। साथै उक्त शिविरमा जटिल अवस्थाका विरामीहरूलाई प्राथमिक तहको उपचार, सल्लाह सुझाव प्रदान गरी एम्बुलेन्सबाट नजिकको स्वास्थ्य केन्द्र/अस्पतालमा पठाइएको थियो।

स्वास्थ्य शिविर सञ्चालनको तयारी र सञ्चालनको क्रममा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रका प्रमुख डा. प्रकाश बुढाथोकी, टापुचौर गाउँपालिका अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखा पदाधिकारी र सदस्यहरू, सोसाइटीको केन्द्रीय कार्यालय स्वास्थ्य सेवा विभागका निर्देशक मोना अर्याल र क्यानेडियन रेडक्रसका कार्यक्रम व्यवस्थापक रमेश न्यौपानेको उपस्थिति रहेको थियो।

नेपाल रेडक्रस सोसाइटीद्वारा क्यानेडियन रेडक्रसको सहयोगमा सञ्चालित आपत्कालीन स्वास्थ्य क्लिनिकमा बीर अस्पताल र पाटन अस्पतालका स्वास्थ्यकर्मी एवं प्राविधिकहरूले स्वयंसेवा पुऱ्याइरहनु भएको छ।

## गृह मन्त्रालय र स्काउटद्वारा आयोजित बैठकहरूमा सहभागिता

काठमाडौं। २६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस भव्य रूपमा मनाउने तयारीको लागि नेपाल सरकारले पुस २२ गते गृह मन्त्रालयमा आयोजना गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा समितिको सदस्यको हैसियतले नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले सहभागिता जनाउनु भएको छ।

उक्त बैठकमा सोसाइटीका अध्यक्ष नेपालले २६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस विभिन्न कार्यक्रमको आयोजना गरी देशभर मनाउन नेपाल रेडक्रस सोसाइटीले तयार गरेको सप्ताहव्यापी कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। सोसाइटीले देशैभर विविध जनचेतनामूलक गतिविधिहरू सहित २६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउन गइरहेको छ।

यस्तै, पुस २३ गते माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बुको अध्यक्षतामा नेपाल स्काउट राष्ट्रिय परिषद्को बैठक सम्पन्न भएको छ। राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, महिला, वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय र नेपाल रेडक्रस सोसाइटी सहित अन्य सम्बन्धित निकायका प्रतिनिधिहरूको सो बैठकमा नेपाल स्काउटका समसामयिक विषयहरूमा छलफल गरिएको थियो।

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको तर्फबाट महामन्त्री भूपतिलाल श्रेष्ठले सहभागिता जनाउनु भएको थियो। नेपाल रेडक्रस सोसाइटी नेपाल स्काउटको पदेन सदस्य हो।



पोखरामा सम्पन्न ४१औं जुनियर तथा युवा राष्ट्रिय गोष्ठीका अवसरमा कार्यक्रमका प्रमुख अतिथि एवं महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य (दायाँ) लाई मायाको चिनो प्रदान गर्दै श्री शिवशक्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक एवं युवा रेडक्रस सर्कलका संरक्षक शम्भुराज बास्तोला।

## शोक सभाको आयोजना

यही पुस २० गते नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयले सुनसरीको धरानस्थित रक्तसञ्चार सेवाका इन्चार्ज सुभाषचन्द्र सिंहको सम्झनामा आज केन्द्रीय कार्यालयमा शोक सभाको आयोजना गरेको छ।

उक्त कार्यक्रममा दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकाकुल परिवार जनमा गहिरो समवेदना प्रकट गरी हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको थियो। कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले सिंहको असामयिक निधनको खबरले सम्पूर्ण रेडक्रसकर्मीहरूलाई मर्माहत बनाएको बताउँदै रक्तसञ्चार सेवाका



क्षेत्रमा स्वर्गीय सिंहले अतुलनीय योगदान पुर्याउनु भएको बताउनुभयो। उक्त कार्यक्रममा सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठ, उपमहामन्त्री मनोज थापा र केन्द्रीय सदस्यहरुका साथै केन्द्रीय कार्यालयका कार्यकारी निर्देशकलगायत र अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो।

नेपाल रेडक्रस सोसाइटीको सुनसरी जिल्ला शाखाद्वारा सञ्चालित रक्तसञ्चार सेवामा कार्यरत इन्चार्ज सिंहको २०८० पौष ११ गते अकस्मात हृदयघातका कारण असामयिक निधन भएको थियो।